# नेपाल धितोपत्र बोर्ड

**नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग**
**खुमलटार, ललितपुर ।**

**Think before you follow, wise money tomorrow भन्ने सन्देश र Learn.Save.Earn नारा रहेको Global Money Week, 17-23 March, 2025 को अवसरमा बालबालिका तथा युवाहरुका लागि वित्तीय साक्षरता तथा धितोपत्र बजारसम्बन्धी आधारभूत जानकारीहरु**

---

- **बचत (Saving):** आम्दानीको केही अंश वा स्रोतसाधनलाई तत्कालै खर्च गर्नुको सट्टा भविष्यको प्रयोगको लागि छुट्याउने कार्यलाई बचत भनिन्छ । त्यसैले बचत = आम्दानी – खर्च हुन्छ । आम्दानी बढाउन र खर्च घटाउन सकिएमा बचत बढाउन सकिन्छ ।
- **लगानी (Investment)**: भविष्यमा नाफा वा लाभको अपेक्षा सहित गरिने स्रोतको विनियोजनलाई लगानी भनिन्छ । भरपर्दो तथा प्रतिफलयुक्त लगानीका लागि लगानी क्षेत्रसंग सम्बन्धित सूचना तथा जानकारी संकलन तथा विश्लेषण गर्न आवश्यक हुन्छ ।
- **प्रतिफल (Return)**: कुनै अवधिमा गरिएको लगानीबाट भएको लाभ वा हानिलाई प्रतिफल भनिन्छ ।
- **जोखिम (Risk)**: भविष्यका घटनाहरूको बारेमा अनिश्चितताको कारणले हानि वा प्रतिकूलमा प्रभाव पर्ने सम्भावनालाई जोखिम भनिन्छ । जोखिम अनुसार प्रतिफलको अपेक्षा गर्नु पर्दछ अर्थात् उच्च जोखिम उच्च प्रतिफल हुनु पर्दछ ।
- **पोर्टफोलियो व्यवस्थापन (Portfolio management)**: लगानीकर्ताले आफूसँग भएको रकम विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्दा कुन कुन धितोपत्रहरु बढी जोखिमयुक्त तथा प्रतिफलयोग्य छन् भन्ने तथ्य बुझी लगानी विविधिकरणद्वारा लगानीलाई प्रतिफलयोग्य बनाउने कार्यलाई **पोर्टफोलियो व्यवस्थापन भनि**न्छ । अर्थात् विभिन्न क्षेत्रका कम्पनीहरुका धितोपत्रहरुका विभिन्न परिमाणमा तथा त्यस्तै प्रकृतिका लगानीका अन्य क्षेत्र तथा साधनमा लगानी गरी जोखिमलाई न्यून गर्ने तथा प्रतिफलमा बृद्धि ल्याउने कार्यलाई पोर्टफोलियो व्यवस्थापन भनिन्छ ।
- संगठित संस्थाले जारी गरेको सेयर, हकप्रद सेयर, अग्राधिकार सेयर, डिबेञ्चर, सामूहिक लगानी योजनाका युनिट र नेपाल सरकारले जारी गरेको बण्ड वा बचतपत्र तथा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको बण्ड वा ऋणपत्र र नेपाल धितोपत्र बार्डले धितोपत्र विनिमय बजार मार्फत कारोवार हुन सक्ने भनी तोकिदिएको अधिकारपत्रलाई धितोपत्र भनिन्छ ।

- मुद्रा बजार (**Money markets**): एक वर्ष वा सो भन्दा कम समयमा परिपक्क हुने वित्तीय औजारहरुको निरन्तररुपमा निष्काशन मार्फत् पुँजी परिचालन तथा यस्ता औजारहरुको कारोवार हुने बजारलाई मुद्रा बजार भनिन्छ ।
- **धितोपत्र बजार** (**Securities markets**): विशेष गरी एक वर्ष भन्दा बढी परिपक्व अवधि भएका वित्तीय औजारहरुको निरन्तररुपमा निष्काशन मार्फत् पुँजी परिचालन तथा कारोबार हुने बजारलाई धितोपत्र बजार भनिन्छ ।
- **साधारण सेयर** (**Equity/stock/share**): कम्पनीले आर्जन गरेको नाफाबाट अग्राधिकार सेयरधनीहरुलाई तोकिएको दरमा लाभांस वितरण गरिसके पछि बाँकी हुने रकमबाट लाभांस वितरण गरिने गरी अर्थात कम्पनीको प्रतिफलमा अन्तिम अधिकार हुनेगरी जारी गरिएको धितोपत्रलाई साधारण सेयर भनिन्छ । साधारण सेयरमा लगानी गर्ने लगानीकर्ताहरुलाई आफ्नो लगानीको अनुपात अनुसार सम्बन्धित कम्पनीको स्वामित्व प्राप्त हुन्छ । साधारण सेयरमा उच्च जोखिम तथा उच्च प्रतिफल हुने गर्दछ ।
- अग्राधिकार सेयर (**Preferred stock/ preference share**): कम्पनीले आर्जन गरेको मुनाफाबाट तोकिएको दरमा साधारण सेयर भन्दा अघि लाभांस वितरण गर्ने गरी जारी गरिएको सेयरलाई अग्राधिकार सेयर भनिन्छ ।
- **बोनस सेयर** (**Bonus share**): कम्पनीको बचत वा वितरणयोग्य नाफालाई पुँजीमा परिवर्तन गरी सो पुँजी बराबर हुने गरी विद्यमान सेयरधनीहरुलाई लाभांसको रुपमा वितरण गरिने थप सेयरलाई बोनस सेयर भनिन्छ ।
- **ऋणपत्र** (**Debenture**): ऋणपत्र एक प्रकारको ऋणको साधन हो जसमा लगानीकर्ताले उक्त ऋणपत्र जारी गर्ने संस्थाबाट निश्चित समय पश्चात सावाँ तथा आवधिक ब्याज भुक्तानीहरू (जसलाई कुपन ब्याज) प्राप्त गर्दछन् ।
- सामूहिक योजना (**Mutual funds**): सामूहिक लगानी कोषले लगानीकर्ताहरुको रकम संकलन गरी लगानी व्यवस्थापन गरी प्राप्त हुने प्रतिफल सम्बन्धित लगानीकर्ताहरुलाई समानुपातिकरुपमा वितरण गर्ने र लगानी के कस्ता औजारहरु गर्ने तथा जोखिम के कस्तो हुने, आदि जस्ता विवरणहरु समावेश गरी रकम संकलनका लागि इकाई (Unit) निष्काशन गर्ने गरी तयार गरेको कार्यक्रमको खाकालाई सामूहिक योजना (स्किम) भनिन्छ । यस्ता इकाईहरु साना तथा नवप्रवेशी लगानीकर्ताहरुलाई लगानीका लागि उपयुक्त हुने गर्दछ् ।
- **प्राथमिक बजार** (**Primary market**): संगठित सस्थाले सर्वसाधारणलाई सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी आफूलाई आवश्यक परेको दीर्घकालीन पुँजी प्राप्त गर्न सक्ने गरी व्यवस्था गरिएको धितोपत्र बजारलाई प्राथमिक बजार भनिन्छ ।
- **सार्वजनिक निष्काशन** (**Public issue**): धितोपत्र सम्बन्धी ऐन नियमको व्यवस्था बमोजिम संगठित संस्थाले आफ्नो धितोपत्र एक पटकमा पचासजना भन्दा बढी व्यक्ति तथा संस्थाहरुलाई निष्काशन तथा बिक्री प्रबन्धक व्यवसायीमार्फत बोर्डवाट स्वीकृत विवरणपत्रका आधारमा

सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बिक्री वितरण गरी पुँजी परिचालन गर्ने कार्यलाई सार्वजनिक निष्काशन भनिन्छ ।

- **धितोपत्रको थप सार्वजनिक निष्काशन (Further Public Issue-FPO):** सार्वजनिक निष्काशन गरी सूचीकृत भैसकेको संगठित संस्थाले आफ्नो पुँजी बृद्धि गर्न पुनः सर्वसाधारण समक्ष गरिने निष्काशनलाई थप सेयर निष्काशन भनिन्छ ।
- **परिपत्र विधिद्वारा निष्काशन (Private Placement):** बढीमा पचासजनासम्म लगानीकर्ताहरुलाई लक्षितगरी चिठ्ठी पत्र वा कुनै पनि विद्युतीय सञ्चार माध्यमबाट गरिने धितोपत्रको निष्काशनलाई परिपत्र विधिद्वारा निष्काशन भनिन्छ ।
- **संस्थापक र अन्य समूहको सेयर सर्वसाधारणमा गरिने निष्काशन (Secondary Offering):** धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाको चुक्ता पुँजीको कम्तीमा एक प्रतिशत साधारण सेयर ग्रहण गरेका सेयरधनीले बिक्री प्रस्ताव प्रकाशन गरी सार्वजनिक रुपमा सेयर बिक्री गर्ने कार्यलाई संस्थापक र अन्य समूहको सेयर सर्वसाधरणमा निष्काशन भनिन्छ ।
- **आस्वा प्रणाली** (**ASBA system**): सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्न आवेदन दिंदा लगानीकर्ताहरुको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा आवदेन बराबरको रकम रोक्का राखी धितोपत्र बाँडफाँड पछि आवेदकको बाँडफाँडमा परेको धितोपत्र बराबरको रकम मात्र आवेदकको खातावाट खिच्ने वा कटाउने प्रणाली आस्वा प्रणाली हो ।
- **विवरणपत्र** (**Prospectus**): धितोपत्र निष्काशनकर्ताको पुँजी तथा अन्य जानकारी, निष्काशनकर्ताले गर्ने मूख्य कार्यहरु, कानुनी कारबाही सम्बन्धी जानकारी, निष्काशनकर्ताको आर्थिक स्थिति, लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर, सामान्य प्रशासन, व्यवस्थापन तथा अन्य विवरण, आदि पक्षहरु समेटेर तयार पारिएको सानो पुस्तिका (Booklet) लाई विवरणपत्र भनिन्छ ।
- आव्हानपत्र (**Announcement letter**): संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्ने क्रममा सम्बन्धित कम्पनीका सम्बन्धमा विवरणपत्रमा समावेश संक्षिप्त विवरण सहित, व्यवस्थापकीय, प्राविधिक र आर्थिक बिषय सम्बन्धी विवरण समावेश गरी प्रकाशन गरिने पत्रलाई आह्वानपत्र भनिन्छ ।
- प्राथमिक बजारमा निष्काशन भएका धितोपत्र खरिद गर्दा हुनसक्ने जोमिखहरुमा निष्काशनकर्ता कम्पनीका सम्बन्धमा **सिमित सूचना, नियमनको दायरामा रहेको इतिहासको अभाव, कम्पनीको कारोबारको ईतिहास नहुनु, अनुमानित वा प्रक्षेपित तथ्यांक र वास्तविक तथ्यांकमा ठुलो अन्तर आउनु, ठुला परियोजना सञ्चालनको अनुभव नुहुनु, सूचिकरण भएपश्चात् दोस्रो बजारमा मूल्य कम हुनु, संस्थागत सुशासन कमजोर भई मूल्यमा असर पर्नु, कम्पनीको व्यापार मोडल सफल नहुनु, आदि पर्दछन् ।**
- धितोपत्र निष्काशनकर्ताको पुँजी तथा अन्य जानकारी, निष्काशनकर्ताले गर्ने मूख्य कार्यहरु, कानुनी कारबाही सम्बन्धी जानकारी, निष्काशनकर्ताको आर्थिक स्थिति, लगानी योजना, जोखिम पक्ष,

क्रेडिट रेटिङ्गको स्तर, सामान्य प्रशासन, व्यवस्थापन तथा अन्य विवरण, आदि पक्षहरु समेटेर तयार पारिएको सानो पुस्तिकालाई विवरणपत्र भनिन्छ ।

- **क्रेडिट रेटिंग (Credit rating):** धितोपत्र निष्काशनकर्ता कम्पनीहरुको समग्र वित्तीय विवरण, कार्य सम्पादन तथा व्यवस्थापन, र सुशासनको अवस्था आदिको गहन अध्ययन तथा अनुसन्धान गरी मूल्याकंन गरी दिइने स्तरलाई क्रेडिट रेटिंग भनिन्छ । यस्तो रेटिंगले सुसूचित लगानी निर्णय गर्न सहयोग पुर्याउदंछ ।
- **मूल्य संवेदनशील सूचना (Price sensitive information)**: नगद लाभांस, बोनस सेयर, हकप्रद, थप सेयर तथा ऋणपत्र निष्काशनको घोषणा, धितोपत्र निष्काशन, व्यवस्थापन परिवर्तन, विस्तार योजना, वित्तीय कार्य सम्पादन, विभिन्न सम्झौता तथा यस्तै अन्य सूचना एवं जानकारीलाई मूल्य संवेदनशील सूचना भनिन्छ । यस्ता सूचना तथा जानकारीले सम्बन्धित कम्पनीको धितोपत्रको मूल्यमा प्रत्यक्ष असर पार्ने गर्दछ ।
- धितोपत्र व्यवसाय भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्न आवश्यक सेवा प्रदान गर्ने अनुमतिपत्र प्राप्त कम्पनी वा संस्था सम्झनु पर्छ ।
- **मर्चेन्ट बैंकर (Merchant banker)**: धितोपत्रको प्राथमिक निष्काशन कार्य प्रबन्धको जिम्मा लिने, धितोपत्रको प्रत्याभूति गर्ने, सेयर रजिष्ट्रेशन गर्ने, धितोपत्र लगानी व्यवस्थापनका लागि दरखास्त संकलन एंव वितरण जस्ता कार्यहरु गर्ने तथा संस्थागत परार्मशदाताको रुपमा कार्य गर्ने गरी नेपाल धितोपत्र बोर्ड (बोर्ड) वाट अनुमति प्राप्त संस्थालाई मर्चेन्ट बैंकर भनिन्छ ।
- **धितोपत्र दलाल व्यबसायी (Stockbroker)**: ग्राहकको आदेश अनुसार ग्राहकको नामवाट मात्र धितोपत्र खरिद वा विक्री सेवा प्रदान गर्ने कार्य गर्न धितोपत्र व्यवसायीको रुपमा बोर्डवाट अनुमति प्राप्त कम्पनीलाई धितोपत्र दलाल व्यवसायी भनिन्छ ।
- **धितोपत्र व्यापारी (Stock dealer)**: आफ्नो नामबाट धितोपत्र खरिद वा बिक्री गर्नुका साथै बोर्डबाट अनुमतिपत्र लिई धितोपत्र दलालको कार्य गर्ने गरी बोर्डबाट धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीलाई धितोपत्र व्यापारी (Stock dealer) भनिन्छ ।
- **नेट वर्थ (Net worth):** कम्पनीको चुक्ता पुँजी र सेयरहोल्डरको जगेडाहरुको कूल जोडनै कम्पनीको नेट वर्थ हो । नेट वर्थलाई कम्पनीको कूल सेयर संख्याले भाग गरेमा कम्पनीको प्रतिसेयर नेट वर्थ वा सेयरको किताबी मूल्य प्राप्त हुन्छ । ***(लगानीका लागि धनात्मक र उच्च नेटवर्थ भएका कम्पनी छनौट गर्नु उचित हुन्छ ।)***
- **प्रति सेयर आम्दानी (Earing per share-EPS):** निश्चित अवधिमा कम्पनीले आर्जन गरेको खुद नाफालाई कम्पनीको कूल सेयर संख्याले भाग गर्दा प्रति सेयर आम्दानी प्राप्त हुन्छ । प्रति सेयर आम्दानीले सेयरवालाहरु तथा कम्पनी भन्दा बाहिरका व्यक्तिहरुका लागि नाफाको महत्वपूर्ण माप प्रदान गर्दछ । ***(प्रतिसेयर आम्दानी बढ्दै गएको कम्पनीलाई कार्य सम्पादनमा सफल कम्पनी मानिन्छ भने प्रतिसेयर आम्दानी घट्दै गएमा समस्याग्रस्त लक्षण मानिन्छ ।)***

- **मूल्य आम्दानी अनुपात (Price earning ratio-P/E ratio):** कम्पनीको तत्कालको सेयर मूल्यलाई पछिल्लो प्रति सेयर आम्दानीले भाग गर्दा आउने अनुपातनै मूल्य आम्दानी अनुपात भनिन्छ् । (***सेयरमा लगानी गर्दा तुलनात्मक रुपमा कम मूल्य आम्दानी अनुपात भएका कम्पनीहरुको छनौट गर्नु राम्रो हुन्छ ।)***
- **निष्क्रिय कर्जा अनुपात (Non performing loans to total loans-NPL):** कुल निष्क्रिय कर्जा (तीन महिनाभन्दा बढी भाका नाघेको कुल ऋण) लाई कुल कर्जाले भाग गरेर आउने अनुपातलाई निष्क्रिय कर्जा अनुपात भनिन्छ । (***पाँच प्रतिशतभन्दा बढी NPL भएका बैंक वित्तीय संस्था लगानीका लागि जोखिमयुक्त रहन्छन् ।)***
- **इक्विटिमा प्रतिफल (Return on equity-ROE):** खुद नाफालाई कुल इक्विटिले भाग गर्दा आउने परिणामनै इक्विटिमा प्रतिफल हो । यो अनुपात जति बढी भयो त्यति नै कम्पनीको कार्य सम्पादन राम्रो मानिन्छ । ***(कम्पनी छनौट गर्दा इक्विटिमा उच्च प्रतिफल भएका कम्पनी छनौट गर्न राम्रो हुन्छ ।)***
- **बजेटिङ सफ्टवेरको उपयोग (Use of budgetting software)**: विभिन्न बजेटिङ एप्स जस्तै Mint, YNAB, GoodBudget, सामान्य excel–sheet र बैंक एप्स मार्फत आय, खर्च र बचत ट्र्याक गर्न सकिन्छ । यी एप्सले तपाईंको खर्चलाई श्रेणीबद्ध गर्दछ र तपाईंको वित्तीय व्यवहारहरूको विश्लेषण गर्दछ, जसले तपाईंलाई खर्च कटौती गर्न र अझ प्रभावकारीरूपमा बचत गर्ने स्मार्ट निर्णयहरू लिन मद्दत गर्दछ ।
- **कृतिम बौधिकता (Artificial intelligence-AI)**: अहिले आवश्यक वित्तीय ज्ञान भएमा AI को प्रयोग मार्फत वित्तीय क्षेत्रको डेटा विश्लेषण गरी प्राप्त भएका जानकारीहरूका आधारमा सुसूचित वित्तीय निर्णयहरू गर्न सकिन्छ, जसले जोखिम व्यवस्थापनमा ठुलो सहयोग गर्दछ ।
- **क्लाउड कम्पुटिंग (Cloud computing)**: सेवाप्रदायक संस्थाहरुले क्लाउड प्लेटफर्म तथा इन्टरनेटमार्फत् सुरक्षित तवरले भर्चुअलरुपमा प्रदान गरिने विभिन्न कम्प्युटिंग सेवा जस्तैः सर्भर (कम्प्युटर- प्रोसेसर, मेमोरी), स्टोरेज, डाटाबेस, नेटवर्किंग तथा एप्लिकेसनहरुलाई समग्रमा क्लाउड कम्पुटिंग भनिन्छ । यसमा प्रयोगकर्ताले आफ्नो डेटा तथा एप्लिकेसनहरु इन्टरनेटमा स्टोर गर्न, प्रोसेस गर्न र प्राप्त गर्न सक्छन् जसका लागि तिनीहरुलाई आफ्नै फिजिकल हार्डवयर वा अन्य इन्फ्रास्ट्रक्चर आवश्यक पर्दैन् ।
- **साइबर आक्रमण (Cyber-attack)**: साइबर आक्रमण कम्प्युटर प्रणाली, नेटवर्क वा डेटामा अनधिकृत पहुँच प्राप्त गर्न, क्षति पुर्याउन वा अवरोध गर्न, जानकारी चोरी गर्न, हानि पुर्याउन वा सञ्चालनलाई अवरुद्ध पार्ने उद्देश्यले गरिएको जानिजानी र दुष्टपूर्ण प्रयास हो । इन्टरनेट चलाउंदा वा विद्युतीयरुपमा वित्तीय कारोवार गर्दा वलियो पासवर्ड राख्ने लगायत आवश्यक सावधानी अपनाईयमा साइबर आक्रमणबाट बच्न सकिन्छ ।

- **आर्थिक ठगी तथा जालसाजी (Financial frauds and scams)**: व्यक्ति वा संस्थालाई पैसा वा संवेदनशील जानकारी गुमाउन फसाउने, प्रायः झुटो प्रतिज्ञा वा व्यक्तिगतरूपमा प्रस्तुत गरेर गरिने ठगि आर्थिक ठगी तथा जालसाजी हो ।
- **सूचना वा जानकारी एकीन गर्ने वा यथार्थता पत्ता लगाउने (Finding true and fair information)**: विभिन्न प्रकारका वित्तीय सल्लाहकार वा प्रभावकर्ता, इन्टरनेट वा कृतिम बौद्धिकता, सामाजिक सञ्जाल, साथी भाई वा अन्य पक्षहरुबाट प्राप्त हुने जानकारी सधै सही तथा यर्थार्थ नहुन सक्ने हुंदा यस्ता सूचना वा जानकारीहरुलाई तथ्यगतरुपमा अध्ययन तथा विश्लेषण गर्ने वा विभिन्न श्रोतहरुसंग तुलना गर्ने गरिएमा प्राप्त सूचना वा जानकारी यर्थार्थ हुने सोका आधारमा गरिएको लगानी प्रतिफलयुक्त तथा दीगो हुने गर्दछ । विद्युतीय वित्तको प्रवृत्ति, वित्तीय प्रभावकर्ताहरु तथा कृतिम बौधिकताले लगानीलाई जटिल बनाउने गर्दछ । भावनात्मक तथा आचरणगत पक्षका आधार अर्थात् भेडाको जस्तै एकोरिएर लगानी गर्ने गर्नाले लगानी निर्णय झन विग्रन सक्दछ । यस सन्दर्भमा यूवाले वित्तीय ज्ञान बढाई पैसाको व्यवस्थापन गर्ने कौशल प्राप्त गर्ने, भावनाको प्रभावलाई पहिचान गरी त्यसलाई रोक्न सक्ने, र सूचना वा जानकारीका श्रोतहरुमा आलोचनात्मक दृष्टि राखी सही तथा गलत सल्लाह छुट्याउन सक्ने र सोही आधारमा लगानी गर्ने गरेमा यसरी गरिएको लगानी स्मार्ट भई अन्ततः प्रतिफलमूखी हुने गर्दछ ।
- धितोपत्रको प्राथमिक बजारमा लगानी गर्दा क्रेडिट रेटिङ्गको स्तर, आव्हानपत्र, विवरणपत्रमा उल्लेख हुने महत्वपूर्ण कुराहरुको विश्लेषण गर्ने, निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र अध्ययन गरी कम्पनीको कार्य, सम्पादन स्थिति, कम्पनीको विगत तथा आगामी तीन वर्षको वासलात, नाफा नोक्सान हिसाब, नेटवर्थ, प्रति सेयर  आम्दानी तथा विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफलको अवस्थाको अध्ययन गर्ने, कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, धितोपत्र जारी गर्नुको उद्देश्य, धितोपत्र निष्काशनबाट प्राप्त पुंजीको उपयोग, संकलित पुंजी परिचालनका लागि संस्थाको भावी योजना तथा रणनीतिका सम्बन्धमा विश्लेषण गर्ने, धितोपत्रको प्राथमिक बजारमा लगानी गर्नुअघि आफुले लगानी गर्न लागेको धितोपत्र (सेयर) नेपाल धितोपत्र बोर्डमा दर्ता भए नभएको एकीन गर्ने, धितोपत्रको प्राथमिक बजारमार्फत गरिने लगानीमा समेत जोखिम रहने भएकोले कम्पनीको वास्तविक वस्तुस्थिति बुझेर आफ्नो स्वविवेकमा लगानी गर्ने गरिएमा यसरी गरिएको लगानी प्रतिफलमुखी हुने गर्दछ ।

**माथिका विषय वस्तुहरुमा आवश्यक ज्ञान प्राप्त गरी** देहायका तथ्यहरुमा समेत विचार पुर्याई लगानी गर्ने गरिएमा चलाख लगानीकर्ता अर्थात् वित्तीयरुपमा स्मार्ट हुन सकिन्छः

- दीर्घकालिन लगानी अर्थात् लामो समयका लागि धितोपत्रमा लगानी गर्ने, छोटो समयका लागि धितोपत्रमा गरिएको लगानी बढी जोखिमपूर्ण हुन सक्दछ किनकी लगानी जती बढी समयका लागि गरियो जोखिममा त्यतीनै कमी आउने गर्दछ,

- दोस्रो बजारमा उपलब्ध सेयरमा लगानीगर्दा न्यूनतम मूल्य आय अनुपात हुने सेयरलाई प्राथमिकता दिई लगानी गर्ने, यस्तो प्राथमिकताले सेयरको वर्तमान मूल्य भन्दा भविश्यको संभावनालाई जोड दिन्छ जून न्यूनतम लगानीमा बढी प्रतिफल आउने हुन्छ,
- सेयरमा लगानीगर्दा छोटो समयमा हुने मूल्य प्रवृत्ति भन्दा लामो समयमा हुने मूल्य प्रवृत्तिलाई बढी जोड दिने,
- अर्थतन्त्रको तरलताको अवस्था, देशको राजनैतिक अवस्था तथा सरकारको स्थिरता सम्बन्धमा सदा सचेत भई लगानी गर्ने,
- लगानी सम्बन्धमा भरपर्दो सूचना तथा जानकारीका लागि नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से), नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, अर्थ मन्त्रालयको वेव साईट नियमित रुपमा हेर्ने, साथै आर्थिक पत्रपत्रिका तथा नियमन निकायको नीति निर्देशन, उद्योग व्यवसायको अवस्था तथा संभावना र कम्पनीको मूल्य संवेदनशील सूचना नियमित रुपमा हेरी विश्लेषण गर्ने,
- लगानीलाई विविधिकरण गर्ने, सेयर खरिद बिक्रीको उपयुक्त समय पत्ता लगाउने,
- लगानीगर्दा अपेक्षित प्रतिफल किटान गर्ने र किटान गरिएको प्रतिफल प्राप्त हुने वित्तीकै सेयर बिक्री गर्ने, असिमित प्रतिफलको अपेक्षा नगर्ने,
- आधारभूत विश्लेषण तथा प्राविधिक विश्लेषण सम्बन्धी आवश्यक ज्ञान प्राप्त गर्ने तथा सोही अनुसार विश्लेषण गरी लगानी गर्ने,
- सम्बन्धित ऐन नियममा लगानीकर्ताको हकहित सम्बन्धमा भएका व्यवस्थाहरु तथा लगानीकर्ताको प्रतिफल सम्बन्धी कम्पनीको निर्णयका सम्बन्धमा सुसूचित भई लगानी गर्ने,
- देशको अर्थतन्त्र तथा राजनैतिक स्थिरता, तरलताको उपलब्धता तथा व्याजदरजस्ता कुराहरुको धितोपत्र बजारमा प्रभाव रहने हुँदा लगानी सम्बन्धी निर्णय लिंदा समग्र पक्षप्रति सजग भई लगानी निर्णय गर्ने,
- धितोपत्र बजारमा लगानी गर्दा तथ्यगत, यथार्थपरक र उचित सूचना लिई संयमित एवं विवेकशील भई लगानी निर्णय गर्ने,
- दीर्घकालीन, नियमित तथा अल्पकालीन लगानी सम्बन्धमा जानकार रही लगानी सम्बन्धी निर्णय गर्ने,
- कम्पनीको वित्तीय कार्य सम्पादन, सम्बन्धित कम्पनीको सूचना तथा जानकारी, धितोपत्रको माग तथा आपूर्तिको अवस्था, आम लगानीकर्ताहरुको मनौविज्ञान, देशको अर्थतन्त्रको तरलता तथा ब्याजदरको अवस्था, देशको राजनैतिक तथा आर्थिक अवस्था, देशको आयात तथा निर्यात लगायत अन्तर्राष्ट्रिय व्यापारको अवस्था, वित्तीय क्षेत्रका नियमन निकायहरुको नीति तथा निर्देशन, आदिले धितोपत्रको मूल्यमा असर पर्ने हुंदा यसमा ध्यान दिने,

- धितोपत्र बजारसम्बन्धमा सामाजिक सञ्जाल (जस्तैः *फेसबुक, क्लब हाउस, युटयूब तथा टिकटक* आदि) मार्फत प्रकाशन तथा प्रसारण गरिने अनुमान तथा प्रक्षेपण आधिकारीक नहुन पनि सक्ने भएकाले उक्त अनुमान, प्रक्षेपण, विचार र परामर्शको आधारमा मात्र लगानी सम्बन्धी निर्णय नगर्ने,
- नियम परिधि बाहिर रही नयाँ नयाँ प्रविधि प्रयोग गरी हुने कारोबार सम्बन्धमा सचेत रहने, जस्तो नेपालमा Bitcoin लगायतका Cryptocurrency **हरुको कारोवार गर्न पाइँदैन, यस्तो कारोवार कानुनतः अवैध हो ।** नेपालमा Bitcoin तथा Cryptocurrency को कारोवार नगर्ने,
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै रहने हुँदा जोखिमलाई न्यूनीकरण गर्न लगानी विविधिकरणमा ध्यान दिने,
- धितोपत्र बजारमा उतारचढाव भईरहने हुँदा बजार हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नपरी बजार तथा कम्पनीको वित्तीय विवरण लगायतका जानकारी लिएर मात्रै स्वविवेकमा जोखिम बहन गर्ने क्षमता अनुसार लगानी उपकरण छनौट गरी लगानी सम्बन्धी निर्णय गर्ने,
- धितोपत्र बजारमा फरक फरक विशेषता रहेका धितोपत्र उपकरणमा लगानी गर्न सकिने हुँदा आफुले लगानी गर्न लागेको धितोपत्र कुन प्रकारको धितोपत्र हो (जस्तै साधारण सेयर, अग्राधिकार सेयर, ऋणपत्र, सामूहिक लगानी योजना, आदि) र त्यसको विशेषता, फाइदा वा बेफाइदाको बारेमा जानकारी लिएर मात्र लगानी सम्बन्धी निर्णय गर्ने,
- नवप्रवेशीले धितोपत्रको प्राथमिक बजारमा लगानी प्रारम्भ गर्ने, उक्त बजारमा लगानी प्रारम्भ गर्दा कम्पनी सम्बन्धी पर्याप्त ज्ञान लिई सो सम्बन्धमा प्रकाशित गरिने आव्हानपत्र, विवरणपत्र अध्ययन गरी कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति र क्रेडिट रेटिङ्गस्तर जस्ता समग्र पक्षहरुको विश्लेषण गरी उपयुक्त लागेमा मात्र लगानी निर्णय गर्ने,
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सही सूचना लिई जोखिम बहन क्षमताका आधारमा लगानी सम्बन्धी निर्णय लिने, सूचीकृत कम्पनीले आधिकारीक वा प्रमाणित रुपमा प्रकाशन गरेको वित्तीय विवरण, कार्य सम्पादन स्थिति, मूल्य संवेदनशील सूचना, कम्पनीको भावी योजनाहरु, आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरु, मूल्य प्रबृत्ति र सम्बन्धित उद्योग/क्षेत्रको अवस्था लगायत पक्षहरुको अध्ययन गर्ने,
- नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्वा सदस्य बैंक मार्फत आफ्नो नाममा विप्रेषण बचत खाता खोली सिआरएन नम्बर लिई बोर्डबाट गरिएको व्यवस्थाको परिपालना गरी सेयरमा आवेदन गर्ने,
- धितोपत्रको दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिने,
- धितोपत्र कारोवार गर्दा रकमको लेनदेन गर्दा बैंकमार्फत गर्ने, धितोपत्र कारोबार वापत धितोपत्र दलाल व्यसायीले लिने शुल्क सम्बन्धमा रहेको कानुनी व्यवस्थाको जानकारी लिने,

- धितोपत्रको दोश्रो बजारमा कारोबार गर्दा बोर्डबाट अनुमतिपत्र प्राप्त र नेप्सेको सदस्यता लिएको धितोपत्र दलाल व्यवसायीमार्फत मात्र कारोबार गर्ने,
- धितोपत्रमा लगानी सम्बन्धी कुनै जिज्ञासा वा गुनासाहरु भए सम्बन्धित धितोपत्र व्यवसायी, निष्काशनकर्ता तथा सूचीकृत कम्पनी, सिडिएस एण्ड क्लियरिंग लि.,नेप्से वा बोर्डमा सम्पर्क राख्ने,
- बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नियमित रुपमा प्रशिक्षण तथा सचेतनामूलक कार्यक्रम तथा प्रकाशन मार्फत जानकारी तथा सचेतना अभिबृद्धि गर्ने गरेकोमा त्यस्तो कार्यक्रममा सक्रिय सहभागीभै बजार तथा लगानीसम्बन्धी आवश्यक ज्ञान हासिल गर्ने ।

साथै, डिजिटल साक्षरता सम्बन्धमा देहायका सम्बन्धमा समेत जानकारी राख्नुहोस् ।

- **कम्प्युटर प्रणाली, नेटवर्क वा उपकरणहरुमा हुने अनधिकृत पहुँच** (Hacking), **संवेदनशील जानकारी प्रकट गर्न प्राप्तकर्ताहरुलाई छल गर्न नक्कली सञ्चार जस्तै इमेलहरु प्रयोग गरी गर्ने फिसिंग, डेटा चोरी गर्न वा कम्प्युटरहरुलाई क्षति पुर्याउन डिजाइन गरिएको घुसपैठ सफ्टवेयर** (Malware) वित्तीय वा व्यक्तिगत जानकारी प्राप्त गर्न छल हेरफेर समावेश गर्ने योजनाहरु अनलाइन धोखाधडी, बजार हेरफेर, एआईको प्रयोग गरेर भिडियो, फोटो तथा अडियो हेरफेर गर्ने कार्य Deepfakes, एआईको प्रयोग गरेर हुने आक्रमण, अनलाइन प्लेटफर्महरु मार्फत् उत्पीडन वा धम्की Cyberbullying, आईपी चोरी तथा गोपनीयता उल्लंघन वा व्यक्तिगत गोपनीयतामा आक्मण वा बौद्धिक सम्पत्ति चोरी, अनलाइन जुवा गतिविधिहरु, अनलाइनमा नक्कली कागजात वा हस्ताक्षरहरु सिर्जना गर्दै हुने जालसाजी जस्ता विद्युतीय अपराधहरुका बारेमा जानकार रहने ।

- **आफ्नो लगानीको सुरक्षा गर्नुहोस् — सँधै बलियो पासवर्ड प्रयोग गर्नेः** तपाईंहरुको अनलाइन खाताहरु जस्तै ट्रेडिङ (टि.एम.एस, मेरोसेयर), बैंक एप जस्ता खाताहरुका लागी बलियो पासवर्डको प्रयोग गर्नुहोस् आफ्नो नाम वा जन्ममिति जस्ता सजिलै अनुमान गर्न सकिने पासवर्डहरू प्रयोग गर्ने। यसलाई अझ सुरक्षित बनाउनका लागि अक्षर, अंक र विशेष चिन्हहहरूको संयोजन प्रयोग गर्ने,

- **Two Factor Authentication (2FA) को प्रयोग गर्नेः** यदि कसैले कुनै किसिमबाट तपाईंको पासवर्ड प्राप्त गरेतापनि 2FA ले तपाईंको अनुमति बिना तपाईंका खाताहरूमा पहुँच पाउनबाट रोक्ने हुँदा थप सुरक्षाको लागि सधैं 2FA को प्रयोग गर्ने,

- **फिशिङ ठगीहरूबाट सतर्क हुनेः** तपाईंको अनलाइन खाताहरु जस्तै ट्रेडिङ (टि.एम.एस, मेरोसेयर), बैंक एप जस्ता प्लेटफर्मबाट आएको दावी गर्ने शंकास्पद इमेल वा लिंकमा क्लिक नगर्ने, व्यक्तिगत जानकारी सेयर गर्नु अघि स्रोतको सत्यता जाँच गर्ने,

- **सार्वजनिक Wi-Fi मा सुरक्षित रहनेः** सार्वजनिक Wi-Fi मार्फत आफ्नो अनलाइन खाताहरु जस्तै ट्रेडिङ (टि.एम.एस, मेरोसेयर), बैंक एप जस्ता खाताहरुमा लग-इन नगर्ने, यदि तपाईंले गर्नै पर्छ भने, आफ्नो डाटा सुरक्षित राख्नको लागि Virtual Private Network (VPN) जस्ता एपहरुको प्रयोग गर्ने,

- **सुरक्षित प्लेटफर्महरूको प्रयोग गर्नेः** व्यापार तथा लगानीका लागि सधैं परिचित, सुरक्षित र प्रतिष्ठित प्लेटफर्महरूको प्रयोग गर्ने, एप वा सेवा चयन गर्नु अघि, जाँच गर्नुहोस् र यस्ता प्लेटफर्महरु नियमनको दयारमा  भए नभएको सुनिश्चित गर्ने र यदि नियमनको दायरामा भएको भए मात्र प्रयोग गर्ने,
- **आफ्नो सफ्टवेयरलाई नियमित रूपमा अपडेट गर्नेः** अपडेटहरूले प्रायः सुरक्षा प्याचहरू (Security Patches) समावेश गरी तपाईंको जानकारीलाई नयाँ साइबर खतराहरूबाट जोगाउने हुँदा नवीनतम साइबर खतराहरूबाट बच्न उपकरण र एपहरूलाई अपडेट राख्ने,
- **आफ्नो खाताहरूलाई नियमित रूपमा अनुगमन गर्नेः** तपाईंका ट्रेडिङ खाता र वित्तीय विवरणहरूलाई अनियमित गतिविधिका लागि नियमित रूपमा समीक्षा गर्ने, यदि केहि अस्वाभाविक लागेमा सम्बन्धित नियामक वा सेवा प्रदायकमा तुरुन्तै रिपोर्ट गर्ने,
- अनलाइन मार्फत आउने सूचना तथा जानकारीहरुको श्रोत पहिचान गर्ने, अनाधिकृत जानकारीहरुका आधारमा आफ्नो लगानी निर्णय नगर्ने,
- साइबर अपराधहरु निरन्तर विकास भैरहेको सन्दर्भमा नवीनतम साइबर सुरक्षा अभ्यास र प्रवृत्तिहरूको बारेमा जानकार रहने।